Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन

HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

Estd. 1988 A.D. (2045 B.S.)

मिति- २०७५ /५/ १४

## वलपूर्वक व्यक्ति वेपत्ता पर्ने जघन्य अपराधिलाई कडा कारवाही गर्न संगठनको माग

आज , वलपुर्वक वेपत्ता पीडितको अन्तर्राष्ट्रिय दिवस ( ३०अगष्ट ) हो । नेपालमा विभिन्न वहानामा वर्षौंदेखि व्यक्ति वेपत्ता पार्नेकार्य हुँदै आएको छ । तर, तात्कालिन नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गरेपछि राज्य र गैरराज्य पक्षवाट तिन हजार भन्दा वढि व्यक्ति वेपत्ता भएका छन् । यध्यपी यसलाई कारवाही गर्ने संगठित कानून नेपालले वनाएकौ छैन ।

नेपाल सरकारले हालसालै बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्ने विद्येयकमा व्यक्ति वेपत्ता पार्नेलाई प्रचलित कानून वमोजिम कारवाही गर्ने भन्ने प्रस्तावित व्यवस्था रहेको र प्रचलित कानूनमा कारवाही गर्ने व्यवस्था नभएको हुँदा यस्ता अपराधिलाई कानुनी कारवाही नै नहुने अवस्था रहेको छ । साथै ,नेपालले व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्धको महाँसन्धिमा हस्ताक्षर पनि गरेको छैन् ।

नेपालमा आजपनि व्यक्ति वेपत्ता पार्ने काम निरन्तर भई रहेको तर अपराधिलाई कानूनी कारवाही नहुँदा दण्डहिनता वढिरहेको छ । यस परिस्थितिमा पश्चातदर्शी कानून वनाएर भए पनि अपराधिलाई कारवाही गर्न र व्यक्ति वेपत्ता पार्ने विरुद्धको महाँसन्धिमा हस्ताक्षर गरी वेपत्ता पार्ने अपराधलाई अन्तराष्ट्रिय करणगर्न संगठन नेपाल सरकारसमक्ष जोडदा माग गर्दछ ।

ईन्द्र प्रसाद अर्याल

अध्यक्ष